सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रेस विज्ञप्ति

प्रकाशित मितिः २०८१।३।१८

(अभियोग पत्र दायर गरिएको बारे ।)

देव विकाश बैंकमा कार्यरत शाखाका प्रबन्धक समिर बुढाथोकीले रु.१७ करोड ९९ लाख ९० हजार रकम हिनामिना गरेको भन्ने सेतोपाटी अनलाईनमा प्रकाशित समाचारलाई उजुरीको रुपमा दर्ता गरी सम्पत्ति शुद्धीकरणको कसूर समेत भएको हुन सक्ने तर्फ यस विभागबाट जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी आवद्ध रहेको साविक वेष्टर्न डेभलपमेन्ट बैंकको कोषमा रहेको रकम अपचलन गर्ने मनसायले प्रतिवादीले सो बैंकका अन्य कर्मचारीको User ID समेत प्रयोग गरी रकम अपचलन गरे उपर दायर भएको बैकिङ कसूर मुद्दामा प्रतिवादीलाई ७ वर्ष कैद समेतको सजाय हुने ठहरी फैसला भएको देखिँदा यी प्रतिवादी समिर बुढाथोकीले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी सो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने, धारण गर्ने र सोको कारोवारमा प्रत्यक्ष संलग्न रही सो रकमको व्यवस्थापनका लागि ३६ वटा कृत्रिम कर्जा खाताहरू खोली उल्लिखित कर्जा खाताहरूबाट आफैले सम्पूर्ण कर्जा रकम रकमान्तर गर्ने लगायतका कार्यहरु गरी गराई कसूरबाट प्राप्त रकमको गैरकानुनी स्रोत लुकाउने मनसायले कर्जा सीमा रु.१७,९९,९०,०००।- कायम गरी उक्त रकमलाई आफैले खोलेका विभिन्न ३६ वटा खातामा ट्रान्सफर गरी कसूरबाट प्राप्त रकमको कारोवार गरेको र सो कर्जा सेवा शुल्क तिरेको समेत गरी उक्त बैंकको रू.१८,०३,७२,८१८।५३ अपचलन गरी उक्त रकमको गैरकानूनी स्रोत लुकाउने, रुपान्तरण एवं हस्तान्तरण गर्ने मनसायले सो रकमको सही प्रकृति, स्रोत, सम्पत्तिको सही प्रकृति स्रोत, स्थान, निसर्ग (डिस्पोजिसन), कारोवार (मुभमेण्ट), स्वामित्व एवं अधिकार लुकाउने छल्ने एवं बदल्ने समेतका सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ (संशोधन समेत)को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) (ख) (ग) ले निषेधित कार्य गरी गराई सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य सप्रमाण स्थापित हुन आएकोले निज प्रतिवादी समिर बुढाथोकीलाई कुल बीगो **रु.१८,०३,७२,८१८।५३ (अठार करोड तीन लाख बहत्तर हजार आठ सय अठार रूपैया त्रिपन्न पैसा** बिगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन समेत)को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन, र साथै, यी प्रतिवादी समिर बुढाथोकी कसूर हुँदाका बखत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण प्रयोजनार्थ सुचक संस्थाको रुपमा रहेको साविक वेष्टर्न डेभलपमेन्ट बैंक लिमिटेड मर्ज भई बनेको साविक देव विकास बैंक लिमिटेडमा शाखा प्रबन्धकको रूपमा कार्यरत रहेकाले उपरोक्त बमोजिम हुने सजायमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ (संशोधन समेत) को दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुनका साथै निज प्रतिवादीका विभिन्न ४ वटा बैंक खातामा रहेको मौज्दात रकम रु रु.३५,९८६।४५ जफतको दावी लिई आज जिल्ला सरकारी वकील कार्यालय दाङ मार्फत सम्मानित उच्च अदालत तुलसीपुर दाङमा अभियोग पत्र दायर गरिएको छ ।

सूचना अधिकारी